# जग्गा वहाल सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको विस्तृत सूचना

(प्रथम पटक मितिः २०८३।०५।१२ गते वेवसाईट र सूचनापाटीमा प्रकाशित सूचना (राजधानी दैनिकमा समेत प्रकाशित)

**प्रस्तावकको नामः साझा स्वास्थ्य सेवाको स्वामित्वमा रहेको जग्गा वहालमा दिने सम्बन्धी बोलपत्र**

१. यस साझा स्वास्थ्य सेवाको तपशिल वमोजिमको स्थान/ठेगाना, कित्ता नं. र क्षेत्रफलको जग्गा २०८७ चैत्र मसान्त सम्मका लागि देहायमा उल्लेखित मिति वाट लागु हुने गरी वहालमा दिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिक, फर्म, संघ संस्थाहरुवाट पुनः शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

तपशिलः

| क्र. सं. | स्थान/ठेगाना | कित्ता नं. | क्षेत्रफल | सम्पर्क फोन नं. | वहालमा लगाउने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | का.म.न.पा. सरस्वतीनगर स्थित संस्थाको १४ आना जग्गा | ४१२ | ४.७९१.५० (स्क्वायर फिट) | ०१-४८२२७६९ केन्द्रीय कार्यालय | ०८३ असोज देखि | |

२. इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र पुस्तिका सूचना प्रकाशित भएको मिति २०८३।०५।१२ देखि २०८३।०६।१५ गते (३५औं दिन) दिनको १:०० वजे सम्म खरिद/दर्ता गर्न सक्नेछन् । सो बोलपत्र अनिवार्य रुपमा सिलबन्दी पेश गर्नुपर्नेछ । तोकिएको मिति तथा समयभन्दा पछि बुझाईएको बोलपत्र स्वीकार गरिने छैन ।

३. ईच्छुक योग्य बोलपत्रलाताहरुले फिर्ता नहुने गरी उक्त जग्गाको रु. २०००।- यस साझा स्वास्थ्य सेवाको कृषि विकास बैंक लिमिटेड, कपन, काठमाडौंमा रहेको खाता नं. ०२११५०५२३९६५२०२७ मा जम्मा गरेको वैंक भौचर तथा लिखित निवेदनको साथमा व्यक्ति भएमा नेपाली नागरीकता प्रमाणपत्र र संघ, संस्था, कम्पनी आदि भएमा व्यवसाय दर्ता प्रमाणपत्र, प्यान/भ्याट प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गरे पछि मात्र बोलपत्र पुस्तिका तपशिलमा तोकिएको समयावधि भित्र खरिद गर्न सक्नेछन् ।

४. प्राप्त भएका बोलपत्रहरु मिति २०८३।०६।१६ गते दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने
छैन ।

५. बोलपत्रसाथ जमानत (धरौटी) वापतको रकम एक वर्षको वहाल बापत कबोल गरेको रकमको २.५% ले हुन आउने बरावरको रकम यस संस्थाको कृषि विकास बैंक लिमिटेडमा रहेको माथि उल्लेखित खाता नम्बर मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्न र खोल्न सकिने छ ।

७. बोलपत्रदाताहरुलाई आफ्नो बोलपत्र बुझाउनु अगावै माथि उल्लेखित गरिएको जग्गा निरिक्षण गर्न उल्लेखित नम्बरमा सम्पर्क र समन्वय का लागि सुझाव दिईएको छ ।

९. बोलपत्र स्विकृत/अस्विकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**साझा स्वास्थ्य सेवा**

(नेपाल सरकारको अधिकांश स्वामित्व रहेको संस्था)

केन्द्रीय कार्यालयः कुमारीमार्ग, चावहिल